वराहपोखरी गाउँपालिका, खोटाङको गाउँसभाको

१९ औँ अधिवेशनमा

गाउँपालिका अध्यक्ष श्री शालिकराम बन्जारा ज्यूद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८३।०८४ को

# वार्षिक नीति तथा कार्यक्रम


वराहपोखरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाघखोरभन्ज्याङ, खोटाङ

कोशी प्रदेश, नेपाल


वि.सं. २०८३ साल आसार १० गते बुधबार

# वराहपोखरी गाउँपालिका, खोटाङको
# आर्थिक वर्ष २०८३-०८४ को नीति तथा कार्यक्रम

**"कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधारः सभ्य समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार"**

**वराहपोखरी गाउँपालिकाका उपाध्यक्ष ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**गाउँसभाका सदस्यहरु ज्यू,**

१. यस वराहपोखरी गाउँपालिकाको गाउँसभाको उन्नाईसौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

२. वराहपोखरी गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

३. यस अवसरमा म सर्वप्रथम राष्ट्रहित, नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्र, अग्रगामी परिवर्तन र अधिकार प्राप्तीका लागि भएका संघर्ष तथा आन्दोलनमा सहादत हुनु भएका ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाईते, अपाङ्ग, पिडित एवम् बेपत्ता योद्धाहरुले पुर्‍याउनु भएको योगदानको उच्च सम्मान व्यक्त गर्दछु ।

४. वराहपोखरी गाउँपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानूनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानूनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । वराहपोखरी गाउँपालिकाको इतिहास, संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नु हाम्रो पहिलो कर्तव्य हो । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ ।

५. आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि-पशु,

रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई जस्ता बिषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

६. आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम गाउँपालिकाबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त छु ।

**गाउँसभा सदस्य ज्यूहरु,**

७. अब म वराहपोखरी गाउँपालिकाको चालु आर्थिक बर्ष २०८२/०८३ को नीति र कार्यक्रमको मुख्य मुख्य बुँदामा समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

८. गाउँपालिकाको प्रशासनिक भवन एवम् ६ वटै वडाका प्रशासनिक पक्की भवनको निर्माण कार्य सम्पन्न भई नियमित सेवा सञ्चालन भएसकेको छ ।

९. वराहपोखरी स्वास्थ्य चौकी, सुन्तले स्वास्थ्य चौकी, पौवासेरा स्वास्थ्य चौकी र मौवाबोटे स्वास्थ्य चौकीको सुविधा सम्पन्न भवनको निर्माण कार्य सम्पन्न भएको छ । भने साउनेचउर स्वास्थ्य चौकीलाई आगामी आ व मा निर्माण सम्पन्न गरिनेछ ।

१०. वराहपोखरी गाउँपालिकाबासीहरुलाई विभिन्न सिपमूलक तालिम मार्फत उद्यमशिल बनाउन प्रयत्न गरिएको छ ।

११. पर्यटकीय क्षेत्र वराहपोखरी ताल आसपास विश्रामस्थल, फोहोरमैला व्यवस्थापन तथा फुटपाथ विस्तार कार्य निरन्तर रुपमा भईरहेको छ ।

१२. गाउँपालिका क्षेत्रभित्रका सबै वडाहरुमा नयाँ सडकको ट्र्याक खोल्ने तथा भएका सडकको स्तरोन्नती मार्फत सवारी आवतजावतमा सहजता ल्याइएको छ ।

१३. धाप्लाङ-सिन्ताङ-वराहपोखरी मूल सडकको स्तरोन्नतीका लागि संघीय तथा प्रदेश सरकारकसँग सहकार्य गरी तिब्र रुपमा अगाडी बढाइएको छ ।

१४. सहज खानेपानीको उपलब्धताबाट वञ्चित रहेका धेरै जनसंख्यालाई खानेपानीको पहुँचमा ल्याइएको छ ।

१५. विद्युतबाट टाढा रहेका नागरिकलाई विद्युतीकरणको माध्यमबाट जोडिएको छ ।

१६. दादुरा रुवेला खोप अभियान, IPV खोप अभियान सम्पन्न गरिएको र जन्म दोष पहिचानको कार्य सञ्चालन गरिएको छ ।

१७. एस.ई.ई. परीक्षामा उत्कृष्ट हुने छात्र छात्रा, दलित छात्र छात्रा तथा अपाङ्ग छात्र छात्रालाई प्रोत्साहन पुरस्कार वितरण कार्यलाई निरन्तरता दिइएको छ ।

१८. स्थानीय कानूनका रुपमा गाउँपालिकाले हालसम्म जारी गरेका २२ वटा ऐन र ४ वटा नियमावली, ३७ वटा कार्यविधि, ४ वटा निर्देशिका, १ वटा मापदण्ड लागू गरिएको छ ।

१९. करदाताहरुबाट कर संकलन गर्न शुत्रमा आधारीत राजस्व पोर्टलको प्रयोग गरिएको छ | सम्पत्ती कर, व्यवसाय कर, बहाल कर जस्ता करहरु अनलाइन प्रणालीबाट संकलन गर्न सकिने ब्यवस्था मिलाइएको छ । करदाताहरुले बुझाएको रकम सोझै बैंकमा जम्मा हुने व्यवस्था मिलाइएको छ ।

२०. सरकारी सम्पतीको व्यवस्थापनका लागि PAMS प्रणाली पूर्ण रुपमा लागू गरिएको छ ।

२१. SuTRA, CGAS, VERSPMIS, EMIS, DHIS जस्ता सूचना प्रणाली मार्फत सेवालाई डिजिटाइजेशन गरिएको छ ।

२२. गाउँपालिकाको कार्यालय, सम्पूर्ण वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा ई-हाजिरी उपकरण जडान गरी कार्यान्वयनमा ल्याइएको छ ।

२३. गत आ.व. हरुमा लगति कायम भएका बेरुजु फछ्र्यौट कार्यलाई प्राथमिकता दिइएको छ । चालु आ.व. २०८२।०८३ मा जम्मा रु. ८ करोड १५ लाख ७४ हजार रुपैया नियमानुसार फछ्र्यौट भईसकेको छ ।

**गाउँसभा सदस्य ज्यूहरु,**

अब म वराहपोखरी गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८३/०८४ को नीति र कार्यक्रम यस गाउँसभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२४. गाउँपालिकाको दीर्घकालिन सोच "कृषि पर्यटन प्राकृतिक सम्पदा र पूर्वाधारः सभ्य समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार" रहेको छ । यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछ ।

## कृषि तथा पशुपन्छी विकास सम्बन्धी नीति

२५. मागमा आधारित कृषि विकास कार्यक्रम मार्फत परम्परागत कृषिलाई आर्थिक उपार्जनसँग जोडिनेछ ।

२६. सुन्तला पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२७. कृषि तथा उद्यमशिलताको विकास महत्वपूर्ण योगदान पुर्याउने कृषक तथा उद्यमिहरुलाई गाउँपालिकाले सम्मान गर्ने नीति लिइनेछ ।

२८. कृषक र गाउँपालिकाको लागत साझेदारीमा व्यावसायिक कृषि उत्पादनमा जोड दिने खालको कार्यक्रम संचालन गरिनेछ ।

२९. कृषिलाई व्यावसायीकरण गर्नका लागि गाउँपालिका क्षेत्रमा नर्सरीको सुदृढीकरण गरिनुका साथै टनेल तथा  थोपा सिंचाई जस्ता प्रविधिहरुको विस्तारको लागि पहल गरिनेछ ।

३०. फलफुल, तरकारी संकलन केन्द्र तथा भण्डारणका लागि सित भण्डारको स्थापना गर्नका निमित्त DPR तयार भई सकेको हुँदा संघीय तथा प्रदेश सरकारसँग समन्वय गरि अगाडी बढाइनेछ ।

३१. आगामी आर्थिक वर्षबाट होम चिस्यान केन्द्र निर्माणलाई प्राथमिकता दिइनेछ ।

३२. रैथाने बाली प्रबर्धनमा विशेष पहल गरिनेछ ।

३३. कृषिजन्य बालीमा आकास्मिक रुपमा हुने किराहरु नियन्त्रण गरिने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

३४. किसानहरुको जीवनस्तरको सुधार गर्ने ५०% अनुदानमा विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

३५. नविनतम प्रविधि तथा उपकरण प्रयोगको माध्यमबाट कृषि क्षेत्रको आधुनिकीकरणतर्फ लगिने व्यवस्था गरिएको छ ।

## शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति

३६. शिक्षा क्षेत्रमा पालिकाबाट व्यवस्था गरिएका शिक्षक, का.स. कर्मचारी, परिचालिकाहरुलाई निरन्तरता दिईनेछ ।

३७. विभिन्न जातिय समुदायहरुको लोप हुन लागेको भाषा, संस्कृतिको विकास र संरक्षण प्रबर्धन गर्ने सम्बन्धित जाति समुदायको बाहुल्यता रहेको विद्यालयहरुमा राई, मगर, तामाङ र नेवारी भाषामा आधारभूत शिक्षा सिकाइको लागि ऐच्छिक विषयको व्यावस्था गरिनेछ ।

३८. अंग्रेजी माध्यमबाट आधारभूत तहको सिकाइ सुधारका लागि कुनै एक माध्यमिक विद्यालयलाई नमुना विद्यालयको रुपमा छनौट गरी आगामी शैक्षिक सत्रबाट अंग्रेजी माध्यमबाट पठनपाठनको शुरुवात गरिनेछ ।

३९. स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुदको अवधारणालाई सार्थकता तुल्याउन खेल पूर्वाधारको निर्माण स्तरोन्नती सिकाई प्रतियोगिता आदिको आयोजना गरिनेछ ।

४०. राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

४१. विद्यालय शिक्षक कर्मचारीहरुको पेशागत दक्षता विकास सम्बन्धी विभिन्न तालिम सञ्चालन गरिनेछ ।

४२. विभिन्न विद्यालयको भौतिक संरचनाको निर्माण तथा स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ ।

४३. विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान एवम् विद्यालयहरु एक-एर्कामा गाभिने नीतिलाई निरन्तरता दिइनेछ ।

## स्वास्थ्य सम्बन्धी नीति

४४. नागरिक आरोग्य केन्द्र सञ्चालन गरिनेछ ।

४५. स्वास्थ्य व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन HMIS, DHIS2, ELMIS, SBA लगायतका स्वास्थ्यकर्मीहरुलाई तालिमको व्यवस्थापन गरिनेछ ।

४६. महिला स्वयम् सेविकाहरुलाई प्रोत्साहन स्वरुप प्रदान गर्दै आएको यातायात खर्चलाई निरन्तरता दिइनेछ ।

४७. सुत्केरी घरभेट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४८. आगामी आ.व.मा वडा नं. ५ पौवासेरा र वडा नं. ६ मौवाबोटेका नागरिकहरु लक्षित वर्थिङ सेन्टरको स्थापना गरिनेछ ।

४९. सुनौलो हजार दिन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
५०. यस गाउँपालिका भित्रका नागरिकहरुलाई नेपाल सरकारले तोके बमोजिमका औषधीहरु नि:शुल्क पाउने व्यवस्था मिलाईनेछ ।
५१. सुरक्षित मातृत्व गाउँपालिकाको अवधारणा अनुरुप गर्भवती महिलालाई भिडियो एक्सरे सेवा, क्याल्सियम चक्की, फोलिक एसिड चक्की, आइरन चक्की तथा सुत्केरी महिलाको लागि नि: शुल्क डेलिभरी प्याड वितरणलाई निरन्तरता दिइनेछ ।
५२. नियमित खोप सेवालाई थप प्रभावकारी बनाई बालबालिकाको खोप सम्बन्धी अधिकारलाई सुनिश्चित गरिनेछ ।
५३. सरकारी तथा गैह्रसरकारी अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
५४. वराहपोखरी गाउँपालिकालाई जिरो होम डेलिभरीको अवस्थामा पुऱ्याउने छ ।
५५. रेफर भएका गर्भवती महिलाहरुलाई नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

## राष्ट्रिय रोजगार प्रबर्धन सम्बन्धी नीति

५६. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन: एकीकरण (REMI) तथा सुरक्षित आप्रवाशन (SaMi) कार्यक्रमलाई निरन्तराता दिइनेछ ।
५७. गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने आयोजनाहरुलाई बढि भन्दा बढि रोजगारमुखी आयोजना सञ्चालन गरिनुका साथै श्रम बैंकको व्यवस्थापन मिलाइनेछ ।
५८. गाउँपालिकाभित्रै उद्यमशिलता विकास गरी युवा रोजगारी सृजना गरिनेछ ।
५९. राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित रोजगार आयोजनाहरुको सञ्चालनका लागि संघीय सरकारसँग साझेदारी गरिनेछ ।
६०. "श्रमको सम्मान राष्ट्रको अभियान" लाई निरन्तरता दिइनेछ ।

## संस्कृति, सम्पदा तथा पर्यटन सम्बन्धी नीति

६१. दलित, नेवार, तामाङ, राई, मगर समुदायको संस्कृती प्रबर्द्धन कार्यक्रमलाई निरन्तर दिइनेछ ।

६२. नेपाल सरकारको सय गन्तव्यमध्येको वराहपोखरी ताल क्षेत्रमा रहेका अधुरा योजनालाई सम्पन्न गरिनेछ ।

६३. सांस्कृतिक पर्यटन, नव प्रवर्तनमा आधारित उद्यम र संस्थागत सुशासनलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

६४. वराहपोखरी गाउँपालिकालाई धार्मिक, साँस्कृतिक, पर्यटकीय र कृषिमुखी गाउँपालिकाको रुपमा विकास गर्ने नीति लिइनेछ ।

## पूर्वाधार विकास सम्बन्धी नीति

६५. यस गाउँपालिकाका मुख्य सडकहरु क्रमश: धापलाङ-धर्तुङ-वराहपोखरी सडक र वंशिलाघाट चिसापानी सडकलाई स्तरोन्नती गरिनेछ ।

६६. सेराखेत तटबन्ध र धापलाङघाट तटबन्ध निर्माणका कार्य अघि बढाइनेछ ।

६७. भौतिक पूर्वाधारको गुणस्तर सुनिश्चितताको लागि निर्माण कार्यमा प्रयोग भएका सामाग्रीहरुको ल्याव परीक्षण गाउँपालिकामै गर्ने व्यवस्था मिलाइनेछ ।

६८. भौतिक पूर्वाधार क्षेत्रको मर्मत संभारका लागी गाउँपालिकामा छुट्टै मर्मत संभार कोष स्थापना गरिनेछ ।

६९. पूर्वाधार विकासलाई गाउँपालिकाको उच्च प्राथमिकतामा राखी आगामी बजेट कार्यान्वयन गरिनेछ ।

## वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति

७०. गाउँपालिका क्षेत्रभित्र जलाधार संरक्षण खोला नियन्त्रणको प्याकेज बनाई भू तथा जलाधार संरक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

७१. गाउँपालिकाबासीहरुको जीउधनको रक्षाका लागि आकस्मिक कोषमा थप रकम विनियोजन गरिनेछ । सो कोषबाट विपदमा परेका नागरिकहरुलाई आवश्यक सहयोग गरिनेछ ।

७२. पूर्वाधार विकासका आयोजनाहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई ध्यान दिई विपद् जोखिम न्यूनिकरणको उपाय अवलम्बन गरिनेछ ।

७३. एम्बुलेन्स सेवालाई चौविसै घण्टा सञ्चालन हुने गरि तयारी हालतमा राखिने व्यवस्था मिलाइनेछ ।

**लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी नीति**

७४. महिलाहरुको जीविकोपार्जन तथा आय आर्जनमा सुधार गर्न महिला उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ ।

७५. आर्थिक समृद्धि र दिगो विकासको लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै श्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थिपत गर्न सक्ने लक्षित कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

७६. महिलाहरुको आय आर्जनमा सहयोग पुर्याउन स्थानीयस्तरमा उत्पादन हुने अन्नजन्य गुणस्तरीय पेयपदार्थ उत्पादनको लागि प्रोत्साहित गरि गाउँपालिका क्षेत्रभित्र भईरहेका बाँझो जग्गाहरुलाई उपयोगमा ल्याउने नीति लिइनेछ ।

७७. महिलाहरुलाई विकासको मूल प्रवाहमा ल्याउन महिला सशक्तिकरणको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७८. पूर्ण अशक्त अपाङ्गता परिचयपत्र बनाउनका लागि चिकित्सकीय सेवा टोली सहित सम्बन्धित वडा कार्यालयमा पुगी स्वास्थ्य चेकजाँचका साथ परिचय पत्र वितरण गरिनेछ ।

७९. अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८०. महिला, दलित, जनजाती, अपाङ्गता भएको व्यक्तिलाई गाउँपालिकाबाट सञ्चालन हुने आयोजनाहरुको उपभोक्ता समितिमा सहभागी गराउन उत्प्रेरित गरिनेछ ।

८१. ज्येष्ठ नागरिकको सुरक्षा, सम्मान र स्वास्थ्य परीक्षणका लागि विशेष सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८२. वडाहरुबाट नै सम्बन्धित बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रबन्धलाई निरन्तरता गरिनेछ ।

**संस्थागत विकास तथा सुशासन सम्बन्धी नीति**

८३. कर्मचारीलाई उत्प्रेरित गर्न विभिन्न तालिमहरुको व्यवस्था गरिनेछ । कार्यदक्षता, कार्यसम्पादन,कार्यकुशलताका आधारमा कर्मचारीलाई पुरस्कृत गरिनेछ ।
८४. सबैभन्दा बढि कर संकलन गर्ने वडालाई पुरष्कृत गर्ने नीति लिइनेछ ।
८५. वडा कार्यालयहरुलाई सदृढ गरि सेवा थप प्रभावकारी बनाईनेछ ।
८६. कार्यालयलाई सेवाग्राहीमैत्री तथा सूचना प्रविधिमैत्री बनाईनेछ ।
८७. सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत सेवाग्राही प्रति सेवाप्रदायकको उत्तरदायित्व कायम गरिनेछ ।
८८. सार्वजनिक खरिदलाई खुला, पारदर्शी, वस्तुनिष्ठ विश्वसनीय बनाईनेछ ।
८९. भौतिक संरचना निर्माण तथा कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन गरि गुणस्तरियता कायम गरिनेछ । फजुल खर्चको नियन्त्रण गर्नुका साथै भ्रष्टाचारसम्बन्धी शून्य सहनशीलता नीति अपनाईनेछ ।
९०. वराहपोखरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन निर्माण गरिनेछ ।
९१. सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममूखी, जवाफदेही, पारदर्शी, नागरिक प्रति उत्तरदायी, सेवामूलक तथा विकासमैत्री बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ ।
९२. कर्मचारीहरुको पेशागत क्षमता अभिवृद्धिका लागि स्थानीय विकास प्रतिष्ठान, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसँगको समन्वयमा सेवाकालिन तालिमको व्यवस्थापन गरिनेछ ।
९३. आन्तरिक नियन्त्रण प्रणालिलाई प्रभावकारी बनाउन वित्तिय अनुशासनलाई कडाईका साथ पालना गर्दै बेरुजु फछ्र्यौटलाई अभियानको रुपमा चलाईनेछ ।
९४. गाउँपालिकाका सबै कार्यालयमा सिसिटिभी जडान गरी सेवा प्रवाहलाई प्रत्यक्ष निगरानीमा राखिनेछ |
९५. गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारको सेवा सुविधालाई क्रमश: सफ्टवेयर तथा विद्युतीय प्रणालीमार्फत प्रदान गरिनेछ ।
९६. राजश्व तथा कर संकलनको लागि महालेखा नियन्त्रकको कार्यालयबाट जारी भएको स्थानीय राजश्व पोर्टललाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

९७. आधुनिक सूचना प्रविधिको उपयोग विकास र विस्तार गर्दै सार्वजनिक सेवालाई खुल्ला पारदर्शी र जवाफदेही बनाउने नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

९८. सार्वजनिक सेवालाई गुणस्तरीय र परिणाममूखी बनाउन गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच कार्य सम्पादन सम्झौता गरिनेछ । साथै प्रमुख प्रशासकीय अधिकृत र सबै शाखा प्रमुख तथा वडा सचिवहरुबीच कार्य सम्पादन सम्झौता गरिनेछ ।

९९. श्रव्य दृष्य सहितको डिजिटल नागरिक वडापत्र निर्माण गरिनेछ ।

**गाउँसभा सदस्य ज्यूहरु**

१००. अन्त्यमा, वराहपोखरी गाउँपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट वराहपोखरी गाउँपालिकालाई समृद्ध, सुरक्षित, कृषिमैत्री, उद्यमशिल साथै पर्यटकीय केन्द्र बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँपालिकावासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु । साथै यस नीति तथा कार्यक्रम निर्माणका लागि सहयोग प्रदान गर्नुहुने गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत एवं सम्पूर्ण कर्मचारी साथीहरुलाई विशेष धन्यवाद दिन चाहान्छु ।

धन्यवाद !

**शालिकराम बन्जारा**
**(गाउँसभा अध्यक्ष)**
**वि.सं. २०८३ असार १० गते बुधबार**
**नेपाल संवत् ११४६, तछलाथ्व**